नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १४ गते २०२२ साल

श्री ५ को सरकार

निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको

सूचना

यस मन्त्रालयका से. अ. श्री दानबहादुर जोशी कायम मुकायम उप–सचिव मुकररभ खालि रहन आएको से. अ. पदमा निजामती सेवा नियमावली ०१३ (संशोधनसहित) को परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति ०२१।१२।९ देखि यस मन्त्रालयका ना. सु. श्री प्रद्युम्नमणि आ. दी. लाई कायम मुकायम मुकरर गरेको छ।

प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको

सचना

यस मन्त्रालयका सचिव श्री प्रद्युम्नलाल राजभण्डारी बिदामा बस्नुभएकोले सो पदमा निजामती सेवा नियमावली २०१३ (संशोधनहरू सहित) को परिच्छेद ८ को नियम २ को खण्ड (क) बमोजिम मिति २०२१।६।२० देखि मिति २०२१।७।१२ तक यसै मन्त्रालयका सह–सचिव श्री सुरेन्द्र राज शर्माले कायम मुकायम भई काम गर्नुभएको छ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

निर्माण, संचार तथा यातायात मन्त्रालयको

सूचना

यातायात विभागलाई हवाई विभाग नाम करण गरी सेा विभागको चीफइन्जिनियर पदलाई डाइरेक्टर पद गर्ने श्री ५ को सरकारले मिति २०२१।११।२५ मा निर्णय गरेको छ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।